# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ                बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०                मिति :२०७९/११/२६
चलानी नं.: 2962

**विषय :** पुर्ण जिम्मेवारी तोकीएको सम्बन्धमा ।

प्राविधिक शाखा मा कार्यरत ( सव ई श्री पुरन श्रेष्ठ,केशव तिमिल्सना, गौरी श्रेष्ठ, प्रविन श्रेष्ठ, अ.स.ई श्री सुजन श्रेष्ठ, हरि वहादुर सिलवाल, धन वहादुर श्रीमल, निकेत बागदस, शिद्धलेक गाउपालिका धादिङ

प्रस्तुत विषय सम्बन्धमा यस शिद्धलेक गाउपालिका वाट स्विकृत भई सम्झौता सगै कार्यन्वयन हुने सवै प्राविधिक प्रर्तिवेदन मुलक योजना तथा कार्यक्रमहरु स्थानीय स्तरमा तपाईहरु आफै गई फिल्ड अध्यन नापजाच सगै लगत ईस्टिमेट तयार हुने सगै कायन्वयन चरण मा रनिङ्ग विल तथा कार्यन्वयन पश्चात प्राविधिक परिक्षण सहित अन्तिम मुल्याङ्कन प्रर्तिवेदन समेत तयार गर्ने दायीत्व, विषयविज्ञेता, कर्तव्य समेत तपाईहरुको भएको साथै सो विषययमा प्रमुख प्रशासकिय अधिकृत, लेखा सहित नन प्राविधिक कर्मचारी लाई तथ्यपरक,जानकारी र विज्ञेता, प्राविधिक ज्ञान समेत नहुने हुदा तपाईहरु नै पुर्ण जिम्मेवार भई यसै निर्देशन लाई ध्यान दिई लगत ईस्टिमेट, मुल्याङ्कन र फरफारक सहित भुक्तानी को लागी पेश गर्नुहुन जानकारी गराउदछु । साथै यसरी विज्ञेता,जानकारी जिम्मेवार र कर्तब्य हुदाहुदै पनि गलत, लगत ईस्टिमेट र मुल्याङ्कन तयार गरी भुक्तानी को लागी पेश भएमा सो वाट हुने तत्काल र पछिल्लो चरणको जोखीम दण्ड सजाय सहित कारवाहीको भागीदार पुर्ण रुपमा नै तपाईहरु हुने गरी सचेत तथा यो जिम्मेवारी सुम्पेको व्यहोरा जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री अध्यक्ष ज्यु को सचिपालय शिद्धलेक गाउपालिका धादिङ (जानकारीको लागी )
श्री अनुगमन समिति को संयोजक एंव उपाध्यक्ष ज्यु ( जानकारी तथा निजहरुलाई भुक्तानी अगाडी यसै अनुसार गर्न लगाई अनुगमन प्रर्तिवेदन पेश गर्नु लगाउनुहुन )
श्री योजना शाखा / आर्थिक प्रशासन शाखा / आन्तरीक लेखा परिक्षण शाखा (जानकारी को लागी)
श्री कोष तथा लेखा नियन्त्रक कार्यलय धादिङ (जानकारीको लागी )
श्री नियमनकारी निकायहरु सवै (गुनासो आउदा हुने नियमन तथा अनुगमनको लागी जानकारी सम्बन्धमा
श्री वडाकार्यलय, विषयगतशाखा सवै (जानकारी तथा यसै अनुसार गर्नको लागी सहयोग समन्वय सम्बन्धमा )



Scanned with CamScanner

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङचुङ, धादिङ          बागमती प्रदेश, नेपाल


पत्र संख्या : २०७९/०८०          मिति :२०७९/११/२६
चलानी नं.: 2969

**विषय : पुर्ण जिम्मेवारी तोकीएको सम्बन्धमा ।**

वातावरण शाखा प्रमुख श्री पुरन श्रेष्ठ
राजश्व शाखा प्रमुख श्री हरि प्रसाद थपलिया
शिद्धलेक गाउपालिका धादिङ

प्रस्तुत विषय सम्बन्धमा यस शिद्धलेक गाउपालिका भित्र रहेका प्राकृर्तिक श्रोत साधनहरु ढुङ्गा गिटी , वालुवा, गेग्रर, जस्ता नदीजन्य पदार्थ तथा माटो, सहित वनजन्य पदार्थ लगाएत सवै प्राकृर्तिक श्रोतसाधनहरुको प्रचलित संघिय कानुन तथा मापदण्ड, प्रदेश कानुन तथा मापदण्ड र स्थानीय कानुन तथा मापदण्ड अनुसार आई ई ई / ई आई .ए. गरेर मात्र उत्खनन्, विकिवितरण , व्यवस्थापन गर्नुपर्ने हुदा तपाईहरुले प्रचलीत कानुन मापदण्ड सहित स्थानीय राजश्व परामर्श समिति को वैठक ले गरेको निर्णय समावेश गरी अध्यक्ष ज्यु, उपाध्यक्ष, ज्यु र प्रमुख प्रशासकिय अधिकृत तहवाट संयुक्त रुपमा टिप्पणी निर्णय सदर गरेर मात्र अनुमती स्विकृर्ति प्रदान गर्ने, अनुमती दिए पश्चात कार्यन्वयन विषय तपाईहरु सहित, राजश्व परामर्श समिति तथा अनुगमन समितिको संयोजक उपाध्यक्ष सहित प्राविधिक कर्मचारी वाट नापजाच गराई प्रर्तिवेदन पेश गर्ने , चुहावट चोरी निकाशी नियन्त्रण रोक्न निरन्तर अनुगमन गरिरहने, स्थानीय प्रहरीको समेत सहयोग लिने लगाएतको पुर्ण जिम्मेवारी तोकेको छु । तोकेको जिम्मेवारी दायित्व, विषयविज्ञेता, कर्तव्य समेत तपाईहरुको भएको साथै सो विषययमा प्रमुख प्रशासकिय अधिकृत, लगाएत अन्य कर्मचारी, लाई समय अभाव सहित तथ्यपरक,जानकारी र विज्ञेता, प्राविधिक ज्ञान समेत नहुने हुदा तपाईहरु नै पुर्ण जिम्मेवार भई यसै निर्देशन लाई ध्यान दिई राजश्व संकलन व्यवस्थापन , प्राकृर्तिक श्रोत साधनको संरक्षण, उत्खनन् व्यवस्थापन गर्नुहुन जानकारी गराउदछु । साथै यसरी विज्ञेता,जानकारी जिम्मेवार र कर्तव्य हुदाहुदै पनि गलत, तरिका वाट अनुमती दिने, अनुगमन नगर्ने, चुहावट नियन्त्रण नगर्ने आदी कारण वाट हुने तत्काल र पछिल्लो चरणको जोखीम दण्ड सजाय सहित कारवाहीको भागीदार पुर्ण रुपमा नै तपाईहरु हुने गरी यो जिम्मेवारी सुम्पेको व्यहोरा जानकारी गराउदछु ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थ
श्री अध्यक्ष ज्यु को सचिपालय शिद्धलेक गाउपालिका धादिङ (जानकारीको लागी )
श्री राजश्व परामर्श समिति को संयोजक एव अनुगमन समिति को संयोजक, उपाध्यक्ष ज्यु ( जानकारी तथा निजहरु लाई यसै अनुसार गर्न लगाई अनुगमन प्रर्तिवेदन पेश गर्नु लगाउनुहुन )
श्री वातावरण शाखा / आर्थिक प्रशासन शाखा / राजश्व शाखा (जानकारी तथा कार्यन्वयन को लागी)
श्री नियमनकारी निकायहरु सवै (गुनासो आउदा हुने नियमन तथा अनुगमनको लागी जानकारी सम्वन्धमा
श्री वडाकार्यलय /विषयगत शाखा सवै ( जानकारी तथा यसै अनुसार गर्नको लागी सहयोग समन्वय सम्वन्धमा )



Scanned with CamScanner